# महाभियोग सिफारिस समितिको आन्तरिक कार्यविधि, २०७९

नेपालको संविधानको धारा १०१ को उपधारा (३) तथा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६२ बमोजिम प्रतिनिधि सभाको मिति २०७८।११।२२ को बैठकको निर्णय अनुसार गठित महाभियोग सिफारिस समितिको आन्तरिक काम कारवाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन आवश्यक भएकोले,

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १६३ को उपनियम (५) ले दिएको अधिकार प्रयोग गरी महाभियोग सिफारिस समितिले यो आन्तरिक कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "महाभियोग सिफारिस समितिको आन्तरिक कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुसन्धान" भन्नाले आरोप लागेको व्यक्तिलाई लगाइएको आरोप उपर प्रचलित कानून बमोजिम गरिने सबै प्रकारको अनुसन्धान सम्झनु पर्छ।

(ख) "आरोप लागेको व्यक्ति" भन्नाले संविधानको धारा १०१ को उपधारा (२) वा (५) तथा नियमावलीको नियम १६१ को उपनियम (१) वा (७) बमोजिम महाभियोग लगाउनको लागि प्रस्ताव पेश भएको वा उजुरी परेको नेपालको प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी सम्झनु पर्छ।

(ग) "उजुरी" भन्नाले संविधानको धारा १०१ को उपधारा (५) तथा नियमावलीको नियम १६१ को उपनियम (७) बमोजिम समिति समक्ष प्राप्त हुन आएको सूचना जानकारी वा उजुरी सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले प्रतिनिधि सभा नियमावली, २०७५ सम्झनु पर्छ।

(ङ) "सचिव" भन्नाले महाभियोग सिफारिस समितिको सचिव सम्झनु पर्छ र सो शब्दले सचिवको अनुपस्थितिमा सचिव भई कार्य गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ।

(छ) "सभापति" भन्नाले समितिको सभापति सम्झनु पर्छ र सो शब्दले सभापतिको अनुपस्थितिमा समितिको सभापतिको रुपमा काम गर्ने समितिको ज्येष्ठ सदस्यलाई समेत जनाउँछ।

(ज) "समिति" भन्नाले संविधानको धारा १०१ को उपधारा (३) तथा नियमावलीको नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समिति सम्झनु पर्छ।

(झ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. <u>समितिको बैठक:</u> (१) समितिको बैठक सभापतिले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

तर समितिको एक तिहाई सदस्यहरुले बैठक बोलाउन लिखित अनुरोध गरेमा त्यस्तो अनुरोध गरेको तीन दिनभित्र सभापतिले बैठक बोलाउनु पर्नेछ।

(२) सचिवले सभापतिको निर्देशनमा सदस्यहरुलाई समितिको बैठकको कार्यसूचीको जानकारी त्यस्तो बैठक बस्नुभन्दा सामान्यतया एक दिन अगावै गराउनेछ।

(३) समितिको बैठकको अध्यक्षता सभापतिले गर्नेछ।

(४) सभापतिको अनुपस्थितिमा बैठकको अध्यक्षता समितिको ज्येष्ठ सदस्यले गर्नेछ।

४. <u>बैठकमा अनिवार्य उपस्थित हुनु पर्ने:</u> समितिको बैठकमा सदस्य अनिवार्य उपस्थित हुनु पर्नेछ।

तर काबु बाहिरको परिस्थिति परी कुनै सदस्य समितिको बैठकमा उपस्थित हुन नसक्ने भएमा सोको कारण सहितको जानकारी सभापतिलाई गराउनु पर्नेछ।

५. <u>बैठक निर्धारित समयमा शुरु हुने:</u> समितिको बैठक निर्धारित समयमा नै शुरु हुनेछ।

तर कुनै कारणले समितिको निर्धारित बैठक बस्न नसकेमा सभापतिले त्यस्तो बैठक स्थगित गरी अर्को बैठक बोलाउनेछ र त्यसको जानकारी सचिव वा सचिवालयले सबै सदस्यहरुलाई दिनु पर्नेछ।

६. <u>कार्यसूची र कागजात उपलब्ध गराउने:</u> समितिको बैठकको कार्यसूची र छलफलको विषयसँग सम्बन्धित कागजात आवश्यकतानुसार समितिका सदस्यहरुलाई सचिवले उपलब्ध गराउनेछ।

७. <u>बैठकको सञ्चालन र छलफल:</u> (१) सभापति वा बैठकको अध्यक्षता गर्ने सदस्यले समितिको प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ।

(२) बैठकको शुरुमा नै कार्यसूचीमा परेको विषयको प्रकृति र महत्व समेतलाई ध्यानमा राखी बैठकको समयावधि तय गरिनेछ।

(३) सभापतिले आवश्यकतानुसार सदस्यहरुले बोल्ने समयको निर्धारण गरी छलफल प्रारम्भ गर्नेछ।

(४) समितिको बैठकको निर्णय सामान्यतया सर्वसम्मतबाट हुनेछ।

तर सर्वसम्मती कायम हुन नसकेमा बहुमतबाट निर्णय हुनेछ।

८. <u>उजुरी उपरको छलफल:</u> (१) समिति समक्ष प्राप्त हुन आएको उजुरी उपर देहाय बमोजिमको विषयमा छलफल र विश्लेषण गरी महाभियोग लाग्न सक्ने मनासीब र पर्याप्त आधार भए नभएको एकिन गर्नु पर्नेछः-

(क) उजुरीको गाम्भीर्यता, औचित्यता, कारण वा आवश्यकताको सम्बन्धमा प्रारम्भिक छलफल गर्ने,

(ख) उजुरीमा उल्लेख भएको विषयवस्तुको सत्य तथ्यका सम्बन्धमा गहन अध्ययन तथा विश्लेषण गर्ने,

(ग) उजुरी ग्राह्य रहेको प्रमाणित गर्ने प्रतिनिधि सभाका सदस्यहरुलाई आवश्यकता अनुसार समितिमा आमन्त्रित गरी उजुरीको विषयवस्तु तथा औचित्य सम्बन्धमा छलफल गर्ने,

(घ) सूचना जानकारी वा उजुरी तयार पार्ने प्रतिनिधि सभाका सदस्यहरु बाहेक अन्य व्यक्ति भए समितिले आवश्यक देखेमा त्यस्ता व्यक्तिलाई समितिमा बोलाई उजुरीको आधिकारिकता सम्बन्धमा आवश्यक छलफल गर्ने,

(ङ) अन्य आवश्यक कार्यहरु गर्ने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको धारा १०१ को उपधारा (५) तथा नियमावलीको नियम १६१ को उपनियम (७) बमोजिम उजुरी ग्राह्य रहेको भनी प्रमाणित गर्ने प्रतिनिधि सभाका कम्तीमा तीन जना सदस्यहरुले सभापति समक्ष सात दिनभित्र उपस्थित भई सनाखत नगरेसम्म त्यस्तो उजुरीले समितिमा प्रवेश पाएको मानिने छैन र त्यस्तो उजुरी उपर कुनै पनि किसिमको छानविन नगरी तामेलीमा राख्न सकिनेछ।

(३) यस दफा बमोजिम उजुरीको छानविन गर्दा कानून सम्मत नदेखिएमा वा ग्राह्य नभएमा वा उजुरी सत्य तथ्यमा आधारित भएको देखिन नआएमा सोही व्यहोरा जनाई तामेलीमा राखु पर्नेछ।

९. <u>सफाईको मौका दिनुपर्ने</u>: (१) संविधानको धारा १०१ को उपधारा (२) वा (५) तथा नियमावलीको नियम १६१ को उपनियम (१) वा (७) बमोजिम आरोप लागेको व्यक्तिलाई जुन कारण र आधारमा महाभियोगको प्रस्ताव पेश भएको हो सो सम्बन्धमा वा समिति समक्ष पेश हुन आएको उजुरीको सम्बन्धमा समितिले कारवाही अगाडि बढाउनु पर्ने अवस्था देखिएमा सोही कारण र आधार खुलाई आरोप लागेको व्यक्तिलाई समयावधि तोकि आफ्नो सफाई पेश गर्ने मौकाको लागि लिखित सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सफाई पेश गर्ने मौका दिदा अन्य कुराका अतिरिक्त देहायका कुराहरु स्पष्ट खुलाउनु पर्नेछः-

(क) कुन आरोपमा निजलाई महाभियोगको प्रस्ताव पेश गरिएको हो सोको संक्षिप्त विवरण,

(ख) कुन आरोप कुन कुन तथ्यमा आधारित छन् र सोको उपलब्ध भएसम्मको विवरण।

(३) उपदफा (१) बमोजिम पठाएको सूचना आरोप लागेको व्यक्तिले बुझिलिन इन्कार गरेमा वा निजलाई सम्बन्धित निकाय वा निवासमा फेला पार्न नसकेमा वा निजको ठेगानामा सूचना पठाउने कार्यमा कुनै किसिमले अवरोध भएमा त्यस्तो सूचना अभिलेख हुन सक्ने गरी राष्ट्रिय दैनिक पत्रिकमा प्रकाशित गरिनेछ। त्यसरी सूचना सार्वजनिक गरिएकोमा आरोप लागेको व्यक्तिले सूचना पाएको मानिनेछ।

(४) यस दफा बमोजिम सफाईको मौकाको सूचना पाएपछि आरोप लागेको व्यक्तिले सूचनामा दिइएको अवधिभित्र आफ्नो सफाई पेश नगरेमा वा पेश गरेको सफाई सन्तोषजनक नभएमा समितिले सोही बमोजिम मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ।

(५) यस दफा बमोजिम आरोप लागेको व्यक्तिले पेश गरेको सफाईका सम्बन्धमा थप प्रष्ट हुन आवश्यक ठानेमा समितिले त्यस्तो व्यक्तिसँग पुन: जानकारी माग गर्न सक्नेछ।

१०. <u>अनुसन्धान एवं छानबिन सम्बन्धी कार्यविधि:</u> समितिले आरोपको छानबिनको क्रममा देहायको कुनै वा सबै कार्य गर्न सक्नेछ:-

(क) आरोप लागेको व्यक्तिलाई समितिमा उपस्थित गराई सोधपुछ गर्ने, जानकारी लिने वा वयान गराउने,

(ख) आरोप लागेको व्यक्तिलाई कुनै लिखित वा कागजात पेश गर्न आदेश दिने,

(ग) आरोपसँग सम्बन्धित कुनै कागजात वा प्रमाण कुनै निकाय वा कार्यालयलाई पेश गर्न लगाउने,

(घ) कुनै सरकारी वा सार्वजनिक निकाय तथा कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने,

(ङ) आरोप लागेको व्यक्ति कार्यरत रहेको निकाय वा त्यस्तो व्यक्तिसँग सम्बन्धित अन्य स्थानको आवश्यकता अनुसार खानतलासी, अवलोकन तथा निरिक्षण गर्ने,

(च) प्रमाण बुझ्ने,

(छ) छानबिनसँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्ने।

११. <u>प्रतिवेदन तयार गर्ने:</u> (१) समितिले आरोप उपर छानबिनको कार्य समाप्त भएपछि आफ्नो सिफारिस सहितको प्रतिवेदन तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त देहायका कुराहरु खुलाउनु पर्नेछ:-

(क) आरोपको संक्षिप्त विवरण,

(ख) छानबिनको क्रममा अवलम्बन गरिएको प्रक्रिया तथा संकलन गरिएका प्रमाण,

(ग) छानबिनबाट पत्ता लागेको वास्तविक सत्य तथ्य सम्बन्धी विवरण,

(घ) अनुसन्धान गर्दा समितिले ठहर गरेको वा निष्कर्ष निकालेको विषय,

(ङ) खण्ड (घ) बमोजिम ठहर गर्न वा निष्कर्ष निकाल्न लिइएका आधार तथा प्रमाणहरु,

(च) प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको कुरा सम्बन्धमा समितिको सिफारिस,

(छ) समितिले आवश्यक ठानेका अन्य कुराहरु।

(३) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्ने सिलसिलामा समितिमा सर्वसम्मती हुन नसकेमा समितिमा भिन्न राय व्यक्त गर्ने सदस्यको रायलाई समेत समावेश गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

१२. <u>प्रतिवेदन पेश गर्ने:</u> दफा ११ बमोजिम तयार भएको प्रतिवेदन समितिले नियमावलीको नियम १६४ बमोजिम प्रतिनिधि सभा समक्ष पेश गर्नु पर्नेछ।

१३. <u>पुन: छानबिन सम्बन्धी कार्यविधि:</u> (१) दफा १२ बमोजिम प्रतिनिधि सभा समक्ष पेश गरेको प्रतिवेदन नियमावलीको नियम १६५ को उपनियम (४) बमोजिम पुन: छानबिनको लागि समिति समक्ष फिर्ता हुन आएमा समितिले सो सम्बन्धमा संविधान, नियमावली तथा यस कार्यविधि बमोजिम पुन: छलफल एवं विश्लेषण गरी आवश्यक देखिएमा थप छानबिन गरी पुन: प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छलफल, विश्लेषण वा थप छानबिन गर्दा तत् सम्बन्धमा प्रतिनिधि सभाको कुनै विषयमा निर्देशन दिएको भए समितिले त्यस्तो विषयमा समेत छानबिन गरी प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ।

१४. <u>उपसमिति गठन गर्न सक्ने:</u> (१) आरोप लागेको व्यक्तिको सम्बन्धमा आवश्यक छानबिन गरी

प्रतिवेदन पेश गर्नको लागि समितिका सदस्यहरु मध्येबाट समितिले उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उपसमितिले संविधान, नियमावली र यस कार्यविधिको अधिनमा रही समितिले तोकेको अवधिभित्र आफ्नो प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ।

१५. <u>कार्य प्रारम्भ भएको मानिने:</u> समिति समक्ष कुनै पनि उजुरी वा प्रस्ताव प्राप्त भएपछि सो उजुरी वा प्रस्तावको विषयमा समितिको पहिलो बैठक बसेको मितिलाई नियमावलीको नियम १६३ को उपनियम (४) बमोजिम समितिले आफ्नो कारवाही प्रारम्भ गरेको मिति मानिनेछ।

१६. <u>समितिको काम कारवाही:</u> समितिको निर्णय, प्रतिनिधि सभामा पेश भएको प्रतिवेदनको एक प्रति सक्कल लगायत समितिसँग सम्बन्धित अन्य कागजातहरु सभापतिको निर्देशन अनुसार सचिवले व्यवस्थित गरी राख्नेछ।

१७. <u>सूचनाको गोप्यता:</u> आरोप लागेको व्यक्तिको उजुरी एवम् छानविनको सिलसिलामा समितिलाई प्राप्त भएको सूचना वा जानकारी र समितिले बुझेको वा संकलन गरेको प्रमाणलाई गोप्य राखिनेछ।

१८. <u>समितिको निर्णय बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख नभएका विषयहरु संविधान तथा नियमावली र समितिको निर्णय बमोजिम हुनेछ।

१९. <u>सहयोग लिन सक्ने:</u> (१) समितिको कामसँग सम्बन्धित विषयमा समितिले संघीय संसद सचिवालयका कर्मचारी, मर्यादापालक, सुरक्षा निकाय, निजामती कर्मचारी लगायत अन्य सरोकारवालासँग आवश्यक सहयोग लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहयोग माग गरेमा समितिलाई त्यस्तो सहयोग यथाशिघ्र उपलब्ध गराउनु सम्बन्धित निकाय, कर्मचारी, व्यक्ति वा पदाधिकारीको कर्तव्य हुनेछ।

२०. <u>बचाऊ:</u> यो कार्यविधि प्रारम्भ हुनु भन्दा अगाडि समितिमा प्राप्त उजुरी यसै कार्यविधिको प्रक्रिया बमोजिम कारवाही गरिनेछ।

समितिबाट स्वीकृत मिति: